गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक :
प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७८/०४/२६ गते मङ्गलवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री सुमन थापा, शेर गण चोहर्वा , सदस्य

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.अ., डा. विनय प्रभाकर राई, सिरहा अस्पताल, सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

जिल्ला कार्यक्रम प्रवन्धक - श्री अशोक कुमार यादव, नेपाल रेडक्रस सोसाइटी,सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष - श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग बाणिज्य संघ, सिरहा

प्रमुख जिल्ला अधिकारी

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक मिति २०७८/०४/२६ गते।

### बैठकको कारवाही एवम् निर्णय

१. यस जिल्लामा कोभिड-१९ को नयाँ लहरको संक्रमणबाट जोखिम हुने सम्भावना समेत कायमै रहेको। कोभिड - १९ संक्रमण जोखिम न्यूनीकरणका उपाय अवलम्वन गरी जन जीवनलाई समेत अनुकुल तुल्याउन २०७८ भाद्र मसान्तसम्मकालागि मिति २०७८/०३/३१ गतेका बैठकबाट भएको निर्णयलाई पुन: निरन्तरता दिने गरी प्रमुख जिल्ला अधिकारीबाट कानून बमोजिम आदेश जारी गर्न सिफारिस गर्ने।

क) सिट क्षमतामा नबढ्ने गरी अनिवार्य मास्क लगाएर सिरहा जिल्लाभर मात्र चल्ने गरी निजी, सरकारी एवं सार्वजनिक यातायात चलाउने तर पास लिई आवागमन गर्नु पर्ने अन्य जिल्लाकालागि जानु पर्ने कारण समेत खुलाई पासकालागि आवेदन गर्नु पर्ने व्यवस्था कायम रहने।

ख) मास्क लगाई, दुरी कायम गरी, सावुन पानिले हात धुने वा स्यानीटाईजर लगाउने व्यवस्थालाई अनिवार्य रुपमा पालना गरेर मात्र व्यपार व्यवसाय गर्ने तर सो अनुरुप नभएमा संक्रमण रोग ऐन, २०२० एवं कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही हुने।

ग) CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा हुने शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाएकोमा त्यसलाई निरन्तरता दिने र पछि छुट्टै निर्देशन प्राप्त भएमा सोही अनुसार हुने।

घ) निषेधाज्ञाका विषयमा नेपाल सरकार (म.प.) वा CCMC बाट हुने निर्णय, आदेश वा निर्देशन प्राप्त भएमा सोही अनुरुप हुने छ।

२. कोभिड - १९ न्यूनीकरण गर्न मास्क लगाउने प्रवृत्ति बढाउन " तपाईको मास्क खोई ? " भन्ने मिति २०७८ श्रवाण २३ देखि ऐ. श्रावण २९ गतेसम्म संचालन भई रहेको साप्ताहिक अभियानलाई तिव्रता दिने। यसकालागि स्वास्थ्यकर्मी, प्रहरी, सामाजिक संघ संस्था समेतको सहयोग लिने।

३. गृह मन्त्रालयको च.नं. १५१ मिति २०७८/०४/२० को प्राप्त पत्रानुसार कोभिड-१९ को संक्रमण पुन बढ्दै गएको सन्दर्भमा जिल्ला स्थित जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) को बैठक २०७८/०४/२१ गते भित्र बसी जिल्लामा कोभिड-१९ संक्रमणको अवस्था, नियन्त्रणकालागि गरिएका प्रयासहरु र रोकथाम एवं नियन्त्रणकालागि भावी योजना समेत तयार गरी नियमित रुपमा मन्त्रालयमा जानकारी गराउनका साथै नेपाल भित्र प्रवेश गर्ने व्यक्तिहरुको प्रवेश नाका हेल्थ डेक्स राखी एन्जटजेन परीक्षण गर्ने व्यवस्था मिलाई पोजेटिभ रिपोर्ट आउनेहरुलाई अनिवार्य रुपमा आईसोलेसनमा राख्ने व्यवस्था मिलाउनका साथै आईसोलेसनमा बस्नेहरुले पालना गर्नु पर्ने स्वास्थ्य सम्वन्धी मापदण्ड र कोभिड - १९ संक्रमण फैलन नदिन अपनाउनु पर्ने सावधानी सम्वन्धी संदेशमुलक प्रचार सामाग्रीहरु स्थानीय तह र जिल्लास्थित स्वास्थ्य कार्यालयको समन्वयमा तयार गरी प्रचार प्रसार गर्ने व्यवस्था समेत मिलाउने सम्वन्धी व्यहोरा बैठकमा अवगत भयो। तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने।

प्रमुख जिल्ला अधिकारी

४. गृह मन्त्रालय (स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा) को च.नं. ६१ मिति २०७८/०४/२० को प्राप्त पत्रानुसार कोभिड-१९ को बढ्दो संक्रमणका कारण भौतिक उपस्थितिमा गरिने बैठक सभा सम्मेलन जस्ता क्रियाकलापमा रोक लगाईएको अवस्था राष्ट्रिय निर्देशन ऐन, २०१८ र संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका संस्थाहरुबाट विद्युतीय माध्यमबाट वार्षिक साधारणसभा/ महाधिवेशन गर्न अनुमति माग भएको सन्दर्भमा यस मन्त्रालयले कोभिड संकट व्यवस्थापन केन्द्र सिंहदरवार,काठमाडौंमा सो को अनुमतिका लागि लेखि पठाएकोमा उक्त केन्द्रको च.नं. २४ मिति २०७८/०४/१३ को पत्र मार्फत त्यस्ता साधारणसभा/महाधिवेशन विद्यान बमोजिम विद्युतीय माध्यम प्रयोग गरी गर्न र भौतिक उपस्थितिमा गर्नु पर्ने अवस्था भएमा सम्वन्धित जिल्लाको DCMC को स्वीकृत लिई CCMC लाई समेत जानकारी गराई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सम्पन्न गर्न गराउने सम्वन्धी पत्रको व्यहोरा बैठकमा अवगत भई तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने ।

५. कोभिड - १९ संकट व्यवस्थापन केन्द्रको च.नं. ४४ मिति २०७८/०४/२० को पत्राबाट लेखी आएको यस जिल्ला सँग सम्वन्धित तपसिलको व्यहोरा बैठकमा अवगत भयो । साथै तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने ।

**देहाय :**

**क**) कोभिड - १९ संकट व्यवस्थापन केन्द्रले सरोकार निकायहरुसँगको समन्वयमा तयार गरेको स्मार्ट लकडाउन (Smart Lockdown) सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत गरी सो को कार्यान्वयनकोलागि सरोकारवाला निकायहरुमा पठाउने ।

**ख**) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र CCMC ले गृह मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उडययन मन्त्रालय र परराष्ट्र्य मन्त्रालयको समन्वयमा अन्तराष्ट्रिय क्षेत्रमा स्वीकार्य हुने QR Code सहितको कोभिड - १९ भ्याक्सिन प्रमाणपत्रकालागि प्रदेश नं. २ को हकमा तोकिएको देहायको अस्पतालले भ्याक्सिजनेसनको प्रमाण पत्र उपलव्ध गराई रहेको ।

**देहाय:**

- प्रादेशिक अस्पताल,जनकपुर ।
- गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरी ।
- नारायणी अस्पताल, बिरगंज

६. इलाका प्रहरी कार्यालय, लहानको च.नं. ८६०३ मिति २०७८/०३/२५ को प्राप्त पत्रानुसार DCMC समितिको मिति २०७८/०१/३१ को निर्णयानुसार कोभिड - १९ का संक्रमितहरुलाई परीक्षण गर्न र पोजेटिभ भएका व्यक्तिहरुलाई तत्कालै अस्पताल वा आईसोलेसनसम्म पु-याउनकालागि स १ च १३३९ नं. को एम्वुलेन्स २४ सै घण्टा सेवाउपलव्ध हुने गरी सो कार्यालयबाट सेवा सुचारु भएको व्यहोरा बैठकमा अवगत भयो ।

७. सिरहाको माडर र ठाडी नाकाबाट आवत जावत गर्न निषेध भई सकेता पनी स्थानीयको सुविधालाई ध्यानमा राखी सो दुवै नाकामा सम्वद्ध सिरहा न.पा. र भगवानपुर गा.पा. हेल्प डेस्क राखी शंकित व्यक्तिको एन्टिजेन जाँच गरी पोजेटिभ आएमा आइसोलेट गर्ने ।

प्रमुख जिल्ला अधिकारी

८. सिरहा जिल्लामा कोभिड - १९ संक्रमण एवम् व्यवस्थापनको देहायको अवस्था वारेमा बैठकमा भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | | जिल्लामा उपलव्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU वेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | २५ | २ | १५०४ | १०६ | ० | २३ | ६२१३ | १६३३ | ० | ० | १४ | ० | ८ | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |

**<u>खोपको कार्यक्रमको प्रगति :</u>**

| अभियान मिति | खोपको नाम | प्राप्त भायल संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि हाल सम्मको | कोभिसिल्ड | ४७९० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ श्रावण २५ गतेसम्मको | भेरो सेल | १०,०१५ | ९९७७ | ७६६५ |
| २०७८ श्रावण १० गते देखि ०७८ श्रावण २५ गते सम्मको | Janssen | ७००० | ३५७०५ | |

प्रमुख जिल्ला अधिकारी